नेपाल खुला विश्वविद्यालय
स्था: २०७३

# नेपाल खुला विश्वविद्यालय

## केन्द्रीय कार्यालय

मानभवन, ललितपुर, नेपाल

☎: ०१-५००८०४७
०१-५००८०४८


प.सं.: 080/81
च.नं.: 300

मिति: २०८१।०२।२१

**Similarity Checking Software सब्सक्रिप्सनका लागि सिलवन्दी दरभाउपत्र आव्हानको सूचना**

(दोस्रो पटक प्रकाशित मिति: २०८१।०२।२१ गते)

उपरोक्त सम्वन्धमा यस विश्वविद्यालयको **लागि बौद्धिक समानता परिक्षण प्रणाली सम्बन्धी सफ्टवेयर (Similarity Checking Software) को सब्सकिप्सन** उपलब्ध गराउनका लागि इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनीले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. सिलबन्दी दरभाउपत्र फारम यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समयसम्ममा फर्म/संस्था/कम्पनीको लिखित निवेदन (फर्म दर्ता, भ्याट/प्यान दर्ता र आ.व.२०७९/८० को करचुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न गरी) पेश गरी यस विश्वविद्यालयबाट तपसिल बमोजिमको दस्तुर बुझाई खरिद गर्न सकिने छ । विदेशी आपूर्तिकर्ताको हकमा नेपाल खुला विश्वविद्यालयको वेवसाईटबाट दरभाउपत्र डाउनलोडगरी दरभाउपत्र फाराम भरेर खाम भित्र राखेर शिलबन्दी गरी तोकिएको म्याद भित्र विश्वविद्यालयमा आईपुग्नेगरी नेपाल खुला विश्वविद्यालय, मानभवन, ललितपुर (Nepal Open University, Manbhawan, Lalitpur) को ठेगानामा हुलाक वा कुरियर वा bid@nou.edu.np मा इमेल विधिबाट पठाउन सकिनेछ ।

| दरभाउपत्र/ ठेक्का नं. | विवरण | दरभाउपत्र फारम दस्तुर रु. | दरभाउपत्र जमानत रकम रु. | दरभाउपत्र दाखिला गर्ने माध्यम |
|---|---|---|---|---|
| 01/080-81 | Supply of Annual Subscription service for Similarity Checking Software | रु.५०० ।- | ० | सिलबन्दी दर्ता / इमेल |

२. दरभाउपत्र वापत माथि उल्लेखित रकम बराबर यस नेपाल खुला विश्वविद्यालयको नाममा जारी भएको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, सानोठिमी शाखामा रहेको खाता नं. १७३०१००००२६६०००१ मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर/ वा सोको प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।

३. दरभाउपत्र फारम सिलबन्दी गरी दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ७ औं दिन दिनको १२:०० बजे भित्र यस विश्वविद्यालयको प्रशासन शाखामा दर्ता गराई सक्नुपर्नेछ वा इमेलमा प्राप्त हुनुपर्नेछ ।

४. दर्ता हुन आएका दरभाउपत्र फारमहरु दोस्रो पटक यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको १७:०० बजे विश्वविद्यालयको प्रशासन शाखामा उपस्थित फर्म/कम्पनी र अन्य प्रतिनिधिहरुको रोहवरमा

कुलसचिव

खोलिनेछ। तर कम्पनी/फर्मको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। दरभाउपत्र खोल्न सहभागी हुन चाहने फर्म/कम्पनीका प्रतिनिधिलाई आधिकारिक पत्र सहित आफ्नो पहिचान खुल्ने परिचयपत्र अनिवार्य रूपमा लिई आउनुहुन अनुरोध गरिएको छ। अन्यथा दरभाउपत्र खोल्ने स्थानमा प्रवेश दिइने छैन। दरभाउपत्र फारम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन एवम् दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा ती कार्यहरु भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ।

५. दरभाउपत्रदाताको कानुनी ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्रसाथ देहायका कागजातहरु पेश गर्नुपर्नेछः

(क) फर्म/संस्था/कम्पनीदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ख) मूल्यअभिवृद्धि कर र पानदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ग) दरभाउपत्रदाताले खरिद कारबाहीमा भागलिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वघोषणाको सक्कल प्रति (घ) आ.व. आ.व.२०७९/८० सम्मको करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा कर विवरण पेश गरेको प्रमाण (ङ) फर्म/कम्पनीले आधिकारिक रूपमा प्रतिनिधि नियुक्त गरेको सक्कलै पत्र।

६. दरभाउपत्र फारम बुझाउँदा सिलवन्दी गरी खामको बाहिर नेपाल खुला विश्वविद्यालयका लागि Similarity Checking Software सब्सक्रिप्सनका लागि सिलवन्दी दरभाउपत्र २०८१" भनी स्पष्टसँग उल्लेख गर्नु पर्नेछ।

७. दरभाउपत्रदाताले उल्लेख गर्नुपर्ने विवरणहरु पूर्ण रुपमा उल्लेख नगरेको, दरभाउपत्र फारममा उल्लेख गर्नुपर्ने भनिएका कागजगातहरु दरभाउपत्रसाथ समावेश नगरेको र सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम रीत नपुगी आएको दरभाउपत्रहरु उपर कुनै कारवाही गरिने छैन।

८. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विश्वविद्यालयमा निहित रहने छ। विश्वविद्यालयले सारभूत रुपमा प्रभावग्राही रहेका दरभाउपत्रहरुमध्येबाट हरेक प्याकेजका लागि न्यूनतम रकम कबोल गर्ने दरभाउपत्रदाताको दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्न सक्नेछ।

९. माथि उल्लेखित सर्तहरु वाहेक अन्य कुराहरु दरभाउपत्र फारम एवं प्रचलित कानून अनुसार हुनेछ।

१०. यो सूचना विश्वविद्यालयको वेवसाइट www.nou.edu.np मा समेत हेर्न सकिनेछ। यस सम्बन्धी थप अन्य कुराको जानकारी लिनु परेमा कार्यालय खुलेको समयभित्र विश्वविद्यालयको प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ।

कुलसचिव